नेपाल राष्ट्र बैंक
विकास बैंक सुपरिवेक्षण विभाग

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं, नेपाल
फोन नं.: ४४१२३०९
फ्याक्स: ४४१४१४३
e-mail: nrbdbsd@nrb.org.np
Web-site: www.nrb.org.np
पोष्ट बक्स नं.: ७३


# सूचना

## गोर्खा डेभलपमेण्ट बैंक (नेपाल) लि.को व्यवस्थापन नियन्त्रणमा लिएको सम्बन्धमा ।

यस बैंकको मिति २०६९/०७/२१ प.सं. बि.बैं.सु.वि./राष्ट्रियस्तर/कार्यान्वयन/गोर्खा/०६९/७०, च.नं. १३३ को पत्रबाट नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ८६ग. को उपदफा (१) को खण्ड (ण) बमोजिम गोर्खा डेभलपमेण्ट बैंक (नेपाल) लि.को सञ्चालक समिति निलम्बन गरी व्यवस्थापन यस बैंकले नियन्त्रणमा लिनु नपर्ने, दफा ८६.ङ को उपदफा (१) को खण्ड (च) बमोजिम सो संस्थाको सम्पत्तिको मूल्य प्रतिबिम्ब हुने गरी पूँजी घटाउने र शेयरको अङ्कित मूल्य सोही पूँजीको अनुपातमा समायोजन गर्नु नपर्ने र ऐ. दफा, उपदफाको खण्ड (छ) बमोजिम उक्त संस्थाको व्यवस्थापकीय एवम् संस्थागत पुनर्संरचना गर्नु नपर्ने कुनै कारण भए १५ (पन्ध्र) दिनभित्र स्पष्टीकरण पेश गर्न उक्त संस्थाको सञ्चालक समितिलाई निर्देशन दिइएकोमा संस्थाबाट मिति २०६९।०८।१२ मा प्राप्त स्पष्टीकरणबाट संस्था अविच्छिन्न निकाय (Going Concern) को रुपमा सञ्चालित हुन आवश्यक पर्ने सूचकहरु जस्तै पूँजीकोष यस बैंकको निर्देशन बमोजिम हुने, निष्क्रिय कर्जाको अँश ५.०० प्रतिशतभन्दा कम हुने, भाखा नाघेका तथा अन्य निक्षेपकर्ताहरुको निक्षेपको भुक्तानी नियमित हुने, सञ्चित नोक्सानीको उचित व्यवस्थापन हुने, २० ठूला खराब कर्जाहरु असुली हुने र त्यस्ता ऋणीहरुलाई नियमानुसार कारवाही हुने, पूँजी थप सम्बन्धी काम कारवाही अघि बढ्ने, विगत दुई आर्थिक वर्षहरुको लेखापरीक्षण गराउने, खर्चहरुको कटौती गर्ने आदिमा सुधार हुने कुनै पनि भरपर्दो आधार देखिएन ।

साथै, उक्त संस्थाको वित्तीय, व्यवस्थापकीय एवं सुशासनको अवस्था समस्याग्रस्त घोषणा गरेको समयमाभन्दा झन्झन् खराबोन्मुख हुँदै गएको तथा संस्थालाई यथास्थितिमा सञ्चालन गर्न दिँदा निक्षेपकर्ताको निक्षेप रकम फिर्ता हुनसक्ने भरपर्दो आधार स्पष्टीकरणको व्यहोराबाट नदेखिएको कारणबाट वित्तीय क्षेत्रमा थप नकारात्मक प्रभाव एवं प्रणालीगत जोखिम (Systemic Risk) पर्नसक्ने देखिएको हुँदा नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ८६.ग. को उपदफा (१) को खण्ड (ण) बमोजिम उक्त संस्थाको सञ्चालक समितिलाई निलम्बन गरी व्यवस्थापन यस बैंकले मिति २०६९।९।१९ देखि आफ्नो नियन्त्रणमा लिएको छ ।

साथै, उपरोक्त ऐनको सोही दफा, उप-दफा, एवम् खण्ड अनुसार यस बैंकका उप-निर्देशक श्री विश्रुत थापाको संयोजकत्वमा उप निर्देशक श्री मुक्तिनाथ सापकोटा तथा सहायक निर्देशक श्री अशोककुमार राई समेतलाई नियुक्त अधिकारी (व्यवस्थापन समूह) तोकी त्यस संस्थाको व्यवस्थापन तथा कारोबार सञ्चालनको जिम्मा दिइएको व्यहोरा समेत जानकारी गराइन्छ ।

मिति: २०६९।९।१९